सुनापति गाउँपालिको १३ औ गाउँसभामा उपाध्यक्ष श्री गिता विष्टज्यूले २०८०।०३।१०गते प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य

सुनापति गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

हिलेदेवि, रामेछाप

श्रदेय अध्यक्ष ज्यू
सभा सदस्य ज्यूहरु

संघीयताको कार्यान्वयनसंगै स्थापना भएको यस गाउँपालिकाको लागि आर्थिक वर्ष २०८ ०।८१ को वजेट यस सभा समक्ष पेश गर्न पाँउदा अत्यन्त हर्षित भएको छु । आम नागरिकको इच्छा आकांक्षालाई पुरा गर्ने सन्दर्भमा गाउँपालिकाको समग्र विकासको खाका, नेतृत्वको सोच र प्रतिवद्धतालाई योजनाबद्ध रुपमा पेश गर्न पाँउदा गर्वित महशुस गरेको छु । नेपालको संविधानले व्यवस्था गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको अभ्यासको क्रममा आज सुनापति गाँउपालिका आफ्नो १३ औ गाँउ सभा अधिवेशनको संघारमा उभिएको छ। यो गौरवपुर्ण परिस्थितिको निर्माण गर्न अभुतपुर्ण भुमिका खेल्नुहुने आम नागरिक , नेतृत्व पंति तथा घाइते अपांङ्ग माथि उच्च सम्मान गर्दै अमुल्य जीवन वलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दीक श्रद्धा सुमन अर्पण गर्दछु। श्रद्धेय अध्यक्ष ज्यूको अनुमतिले म आगामि आ व ०८०।८१ को बजेट प्रस्तुत गर्न चाहान्छु।

सभा सदस्यज्युहरु,

“समृद्ध र सुखि सुनापतिः कुषि पर्यटन हाम्रो सम्पति” भन्ने दीर्घकालिन सोचका साथ कृषि, पशुपालन र पर्यटनको विकास एवम् विस्तारलाई मध्यनजर गरी यस आर्थिक वर्षमा समृद्ध र समाजवाद उन्मुख सुनापतिको आधारशिला निर्माण गर्नुको साथै आधारभूत स्वास्थ्य सेबा निशुल्क प्राप्त गर्ने नागरिकको हकको रुपमा यो वजेटलाई केन्द्रित गरिएको छ ।गाउँपालिकाको समन्यायिक विकास , श्रोत साधनको समानुपातिक वितरण मार्फत गाउँपालिकाको सबै क्षेत्र वर्गको उत्थान मार्फत न्यायपूर्ण सुनापति समाजको निर्माण गर्ने गरी यो आर्थिक वर्षको बजेट तर्जुमा गरेको छु ।

आ.व.२०८०।८१ को वजेट तर्जुमा गर्दा संविधान, नेपाल सरकार र प्रदेश सरकारको नीति , कानुन, निर्देशनहरु, पन्ध्रौ आवधिक योजना, वागमती प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य(Suttainable Development Goal) विषयगत समितिबाट भएका निर्णय , निर्देशन तथा गाउँसभा सदस्यज्यूहरुले प्रदान गर्नुभएको सुझाव समेतलाइ आत्मसात गरी तर्जुमा गरेको छु । यस बाहेक गाउँपालिकामा क्रियाशिल राजनितिक दल, बुद्धिजिवि, नागरिक समाज,संघ संस्थाहरुले दिनु भएको सुझावहरुलाई समेत वजेट निर्माणको आधार मानिएको छ ।

सुनापति गाँउपालिकाको मिति २०८०।०३।१० गते प्रस्तुत गर्नु भएको पारित नीति तथा कार्यक्रम सफल पार्न यो बजेट निर्माण गरेको छु। आगामि आ व ०८०।८१ का लागि कुल ५४ करोड ७८ लाख ५५ हजारको बजेट निर्माण गरेको छु। संघीय शशर्त अनुदान तर्फ कुल २२ करोड ११लाख प्राप्त भएकोमा राजस्व बाँडफाँड तर्फ ७ करोड, वित्तिय समानीकरण अनुदान तर्फ १० करोड ७९ लाख बजेट प्राप्त भएको छ, त्यस्तै शशर्त अनुदान चालु तर्फ २० करोड ८६ लाख शशर्त अनुदान पूजिगत तर्फ १ करोड ३५ लाख प्राप्त भएको छ। संघीय समपुरक अनुदान(पुजिगत तर्फ) ५० लाख बजेट प्राप्त भएको छ साथै संघीय विशेष अनुदान तर्फ ८० लाख बजेट प्राप्त भएको छ। वागमति प्रदेश सरकारबाट कुल ८ करोड ३८ लाख २८ हजार बजेट प्राप्त भएको छ जस मध्धे वित्तिय समानिकरण अनुदान तर्फ १ करोड १० लाख ७८ हजार शर्शत अनुदान पूजिगत तर्फ ४५ लाख शर्शत अनुदान चालु तर्फ २ करोड ४ लाख ५०हजार, राजश्व बाँडफाँड तर्फ २ करोड ३० लाख तथा समपुरक अनुदान तर्फ १ करोड ७५ लाख र विशेष अनुदान तर्फ १ करोड बजेट प्राप्त भएको छ।

सुनापति गाँउपालिकाले चालु आ व ०७९।८० मा संकलन गरेको राजस्वको प्रत्क्षेपित अनुमान ३० लाख रहेको छ। चालु आव को संभावित अल्या बजेट तथा कार्यक्रम हरुको विस्लेषण गर्दा कुल अल्या रकम ४ करोड ९० लाख २७ हजार रहेको छ। संघीय समानीकरण अनुदान बापत कुल १० करोड ७९लाख प्राप्त भएको तथा प्रदेश समानिकरण अनुदान मार्फत १ करोड१०लाख ७८ हजार प्राप्त भएको छ। संघीय राजस्व बाँडफाँड मार्फत कुल ७ करोड प्राप्त हुने उल्लेख भएकोमा राजस्व बाँडफाँडमा हुने संभावित **कमिको रुपमा रु २४ लाख ७६ हजार १ सय प्रत्क्षेपण गरि उक्त रकम विनियोजन विधेयकको हिस्सा नहुने गरि छुट्याएको छु।** यसरी सुनापति गाँउपालिकाले वडागत प्राथमिकिकरण गरि पठाएको रकम तथा विषयगत समितिहरु मार्फत प्राप्त कार्यक्रम लाइ कुल २६ करोड १३ लाख ५ हजारको सीमामा रहि विनियोजन गरेको छु। यस मध्धे चालु तर्फ ९ करोड ४२ लाख तथा पुजिगत तर्फ १७ करोड ७८ लाख ५ हजार तथा वित्तिय व्यवस्था तर्फ २ करोड ८८ लाख रुपैया विनियोजन गरेको छु। यस मध्धे वडागत सीमा तर्फ वडा नं ०१ लाइ ५५ लाख ५० हजार वडा न ०२ लाइ ५२ लाख वडा नं ०३ लाइ ६३ लाख ५० हजार वडा न ०४ लाइ ६६ लाख ५० हजार तथा वडा नं ०५ लाइ ६२ लाख ५० हजार गरि कुल वडागत रुपमा प्राथमिकीकरण भइ आएको योजनाहरु तर्फ कुल ३ करोड रकम विनियोजन गरेको छु।विषयगत समितिहरु तर्फ सामाजिक विकास तर्फ २ करोड ३४ लाख ५५ हजार , वातावरण तथा विपद व्यवस्थापन तर्फ २१ लाख , आर्थिक विकास तर्फ ६५ लाख, पुर्वाधार विकास तर्फ ५ करोड ९३ लाख तथा संस्थागत विकास र सुशासन तर्फ १ करोड ६९ लाख पचास हजार रकम विनियोजन गरेको छु।

सभा सदस्य ज्युहरु,

सुनापति गाँउपालिकाको नीति तथा बजेट तर्जुमा समितिका साथै गाँउकार्यपालिको पुर्ण बैठकबाट अनुमोदन भइ विनियोजित भएको बजेट लाइ विषयगत समिति तर्फका कार्यक्रमगत शिर्षकका आधारमा प्रस्तुत गर्न चाहान्छु।

**सामाजिक विकास तर्फ**

सुनापति गाउँपालिका विभिन्न सरकारका सामाजिक सुरक्षा कार्यक्रमहरु बाट लाभान्वित हुन नसकेका एकल पुरुष तथा वृद्ध कन्यालाई यस अघि प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता लाई निरन्तरता दिएको छु।

१. अभिभावकको बालबालिका प्रतिको उत्तरदायित्वलाइ वृद्धि गर्नका साथै कर्मशिल शिक्षकलाइ सम्मान गर्ने शिक्षक तथा उत्कृष्ट विद्यार्थि प्रोत्साहन कार्यक्रमको व्यवस्था गरेको छु।
२. सुनापति गाउँपालिका भित्रका नागरिकहरुमा देखिने दीर्घ रोगीहरुको उपचार सहयोगार्थ यस अघि देखि दिइदै आएको सहायता रकमलाई निरन्तरता दिने व्यवस्था गरेको छु।
३. आम नागरिकहरुमा आकस्मिक रुपमा आइपर्ने विभिन्न विपदजन्य दुर्घटना र आर्थिक क्षतिहरुको राहतका लागि रु २५ लाख बराबरको आर्थिक सहायता कोषको व्यवस्था गरेको छु।
४. सामाजिक विकास समाज सँग स्वास्थ्य, सरसफाइ तथा महिला शशक्तिकरण लगायत लघु उद्यमशिलता प्रवर्द्धन गर्न क्रियाकलापमा साझेदारीको व्यवस्था गरेको छु।
५. अपाङ्गता भएका व्यक्तिहरुको सम्मान तथा क्षमता अभिवृद्धिमा सदैव सहयोग पुगोस भन्ने हतुले सुनापति गाँउपालिकामा एक अपाङ्गता सहायता कक्ष रहने व्यवस्था गरेको छु।
६. सहिदहरुको बलिदानिको उच्च कदर गर्दै सहिद प्रतिष्ठान तथा सहिद नवराज लगायतका सहिदहरुको संझना समुदायले गरिरहन सांकेतिक बजेट विनियोजन गरेको छु।
७. कार्यक्रममा आधारित रहेर सञ्चालन हुने गरि लक्षित वर्ग कार्यक्रमलाइ निरन्तरता दिएको छु।
८. विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद कार्यक्रमलाइ उचित व्यवस्थापन गर्न ४ लाख थप बजेट विनियोजन गरेको छु।

९. सुनापति गाउँपालिका बाट यस पालिकाको नाममा अन्यत्र हुने प्रतियोगितामा सहभागि हुने खेलाडिहरुलाई आवश्यक प्रोत्साहन गर्न आवश्यक वन्दोवस्त गरेको छु।

१०. हिलेदेवि बजारमा विभिन्न खेल प्रवर्द्धनका लागि कभर्डहल निर्माणका लागि आवश्यक व्यवस्था गरेको छु।

११. सामुदायमा आधारित संस्था हरु जस्तै नेपाल स्काउट जस्ता संस्थाहरुको मोबिलाइजेसनका लागि आवश्यक व्यवस्था गरेको छु।

१२. भविष्यमा आइपर्ने प्रकोप तथा व्यत्तिगत जीवनमा परिने दुर्घटनाको क्षतिलाइ क्षतिपुरण गर्ने बिपद् कोषका लागि २० लाख बजेट विनियोजन गरेको छु।

आर्थिक विकास तर्फ

1. हाल देशै भर पशुहरुमा देखिएको लम्प्की स्किन डिजिज नियन्त्रणको लागि आवश्यक व्यवस्था गरेको छु।
2. पशु पन्छीका लागि चाहिने दाना सुनापति गाउँपालिका भित्रै उत्पादन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
3. कृषकलाइ कृषि यान्त्रिकरणसँग प्रत्यक्ष जोडन कृषक साझेदारीमा कृषि यान्त्रिकरण कार्यक्रमका लागि १० लाख बजेट विनियोजन गरेको छु।
4. नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु।
5. पशुजन्य औषधि तथा कृषि किटनाशक औषधि खरिदको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

पुर्वाधार विकास तर्फ

1. सुनापति३हिलेदेवि बजारमा निर्माणाधिन अवस्थामा रहेको प्रशासनिक भवनका लागि २५ लाख बजेट विनियोजन गरेको छु।
2. पालिकाको गौरबको आयोजना सञ्चालनका लागि २ नं वडा कार्यालय परिसर व्यवस्थापन तथा सडक निर्माण सुनापति र गुन्सीचौर पोखरी धारो/मन्दिर पर्यावरण संरक्षण सुनापति ०१ गरी ३ करोड विनियोजन गरेको छु।
3. प्रधानमन्त्री रोजगार कार्यक्रममा सामाग्री खरिदका लागि ५० लाख विनियोजन गरेको छु ।
4. पालिकाको गौरबको आयोजना कामाखोला चौरीखोला खानेपानी सम्पन्न गर्नको लागि थप १० लाख विनियोजन गरेको छु ।

संस्थागत विकास र सुशासन तर्फ

1. सुनापति गाँउपालिकाको संस्थागत क्षमता विकास तथा कार्यबोझलाइ अनुसन्धान गरी आवश्यक दरबन्दि निर्धारण गर्न O & M Survey गर्न १० लाख बजेट व्यवस्था गरेको छु।
2. सुनापति गाँउपालिकाका अन्तर्गतका कर्मचारीहरुको नियमन गर्न केन्द्रीय एकीकृत प्रणालीमा आवद्ध रहि रियल टाइम हाजिरि रहने गरी बायोमेट्रिक हाजिरिको व्यवस्था गरेको छु।
3. झाक्रीटोल खानेपानीको लागि १० लाख विनियोजन गरेको छु ।
4. १ नं वडा कार्यालय भवन सम्पन्न गर्नको लागि १० लाख विनियोजन  गरेको छु ।
5. प्रमुख प्रशासकीय भवन परिसरमा ट्रस निर्माणको लागि २५ लाख विनियोजन गरेको छु ।
6. खानेपानी तथा स्वच्छता सम्बन्धी गुरुयोजना (NWASH) तयारीको लागि २० लाख वजेटको व्यवस्था रहेकोमा यसै वर्ष सो कार्य सम्पन्न गरिने छ ।
7. मध्यम कालिन खर्च संरचना निर्माणका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
8. दोस्रो आवधिक योजना तयारीका लागि आवश्यक व्यवस्था  गरेको छु ।
9. पालिका भित्रका सबै योजना कार्यान्वयन सुनिश्चितताका लागि उपभोक्ता समिति अभिमुखीकरण, मासिक समिक्षा गरी शसर्त र विशेष अनुदानका योजना कार्यान्वयन सहजिकरणका लागि कार्यदल बनाउने व्यवस्था गरेको छु ।

सभासदस्य ज्यूहरु

आगामि आ व ०८०।८१ को बजेट निर्माणका लागि सहयोग गर्नुहुने सुनापति गाँउपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतका साथै विषयगत समितका संयोजकहरु कार्यपालिका सदस्यहरु विषयगत शाखा प्रमुखहरु तथा कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्न चाहान्छु ।साथै यो सम्मानित गाँउ सभाले मैले प्रस्तुत गरेको बजेट ध्वनि मतले पास गर्ने अपेक्षा सहित गाँउ सभा सदस्यज्युहरुमा समेत अग्रिम धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।